आज मिति २०८३ साल जेठ २८ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को आठौँ बैठक गाउँपालिका अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | [signature] |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | [signature] |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | [signature] |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | [signature] |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | [signature] |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | [signature] |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | [signature] |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | [signature] |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | [signature] |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | [signature] |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : आगामी गाउँसभाको तयारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : पुर्ण खोप पालिका घोषणा तथा प्रमाणिकरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ : त्रिपुरासुन्दरी गाउँपालिका गाउँ बाल संरक्षण अक्षय कोष खाता संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : स्थानीय शिक्षा योजना (LEP) अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : सुनौलो हजार दिनका विपन्न महिलाहरुको लाभग्राही छनौट र समूह गठन स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ८ : विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १:** मिति २०८३ बैशाख २३ गते बसेको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्था समिक्षा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकाको आगामी नियमित गाउँसभाको २१ औं अधिवेशन २०८३ असार १० गते बस्ने तथा सभालाई सफलतापुर्वक सम्पन गर्न विषयगत समिति,विषयगत शाखा र वडाहरुलाई आवश्यक तयारी थाल्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** त्रिपुरासुन्दरी गाउँपालिकाभित्र विभिन्न खोप लगाउने लक्षित समुहलाई स्वास्थ्य चौकी, खोप केन्द्र बाट विभिन्न समयमा खोपका कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाहरुको खोपको मात्र पुरा गरेको विवरण छ वटै स्वास्थ्य चौकी बाट प्राप्त भएको हुदा पुर्ण खोप पालिका घोषणा तथा प्रमाणिकरण गर्न जिल्ला खोप समन्वय समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि **"त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ बाल संरक्षण अक्षय कोष (स्थापना र सञ्चालन" निर्देशिका, २०८२"** को अधिनमा निर्मित त्रिपुरासुन्दरी गाउँपालिका गाउँ बाल संरक्षण अक्षय कोष च.हि.नं. ०७३०१०४०२५०६४१ प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** गाउँ शिक्षा समितिको मिति २०८३।०२।२८ गतेको बैठकको निर्णयानुसार गाउँ शिक्षा योजना (LEP) अनुमोदनको लागि सिफारिस भई आएकाले उक्त योजना अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६ :** "सुनौलो हजार दिन"का विपन्न महिलाहरुको पोषण सुधारको लागि आयआर्जन अनुदान वितरण कार्यक्रम बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि" को व्यवस्था बमोजिम यस गाउँपालिका स्तरीय पोषण प्रोफाईलको आधारमा स्थानीय तहको पोषणको अवस्था विश्लेषण गरी पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट स्वीकृतीका लागि